*नमूना*

# बटेश्वर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यलय

बटेश्वर ,धनुषा

*२ नं. प्रदेश, नेपाल*

**<u>बटेश्वर गाउँपालिका को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४</u>**

**प्रमाणीकरण मिति :** २०७५/३/१०

## <u>२०७४ सालको ऐन नं.१</u>

**<u>प्रस्तावना:</u>**नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम .बटेश्वर गाउँपालिका को सभाले यो ऐन बनाएको छ ।

**१.<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** :(१) यो ऐनको नाम बटेश्वर गाउँपालिका को प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन बटेश्वर गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले बटेश्वर गाउँपालिका को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले बटेश्वर गाउँ कार्यपालिका लाई सम्झनु पर्छ ।

(ग) “गाउँपालिका”भन्नाले बटेश्वर गाउँपालिका सम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका/नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बटेश्वर . गाउँ कार्यपालिका ले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

**४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही बटेश्वर गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।